काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड
आयोजना कार्यान्वयन निर्देशनालय
अनामनगर, काठमाण्डौ

प.सं.:
च.नं.:

मिति : २०८०/१०/०४

## परीक्षण सम्पन्न भएका नयाँ पाइपलाइनबाट मेलम्चीको पानी वितरण

आयोजना कार्यान्वयन निर्देशनालय (PID) बाट काठमाडौं उपत्यकाका विभिन्न स्थानमा विच्छ्याइएका तर खानेपानी व्यवस्थापन बोर्डलाई हस्तान्तरण हुन बाँकी रहेका खानेपानी वितरण प्रणालीका नयाँ पाइपलाइनबाट पनि मेलम्चीको पानी वितरण शुरु गरिएको छ ।

आयोजनाबाट परीक्षण सम्पन्न भएका ४२९ किलोमिटर नयाँ पाइपलाइनबाट दुई दिन विराएर मेलम्चीको पानी वितरण शुरु गरिएको हो ।

जसअनुसार, **महाङ्कालको नयाँ पानीपोखरी**बाट यही माघ ३ गतेदेखि दुई दिन विराएर अपरान्ह ४ देखि बेलुकी ७ बजेसम्म भाटभटेनी, हाँडीगाउँ, टङ्गाल, कालोपुल र नक्साल लगायतका क्षेत्रमा तथा सोही दिन विहान ७ देखि १० बजेसम्म एयरपोर्ट, सिनामङ्गल र तिलगङ्गा लगायतका क्षेत्रमा मेलम्चीको पानी वितरण शुरु गरिएको छ ।

सोही पानी पोखरीबाट माघ ५ गतेदेखि दुई दिन विराएर विहान ७ देखि १० बजेसम्म गैह्रीगाउँ, सिनामङ्गल र तीनकुने लगायत क्षेत्रमा र अपरान्ह ३ देखि ७ बजेसम्म भीमसेनगोला, कात्यायनी मार्ग र शान्तिनगर लगायतका क्षेत्रमा मेलम्चीको पानी वितरणको व्यवस्था मिलाइएको छ ।

यसैगरी, **खुमलटार पानीपोखरी**बाट यही माघ ४ देखि दुई दिन विराएर बेलुकी ५ देखि ८ बजेसम्म कोटेश्वर महादेवस्थान, तीनकुने, आलोकनगर, पुल्चोक, पाटनढोका, चाकुपाट, कुम्भेश्वर, ज्वागाल र कुपण्डोल लगायतका क्षेत्रमा मेलम्चीको पानी वितरणको तालिका रहेको छ ।

**पानीपोखरीस्थित नयाँ पानीपोखरी**बाट यही माघ ६ गतेदेखि दुई दिन विराएर विराएर विहान ७ देखि १० बजेसम्म नक्साल, कमलादी, कान्तिपथ, जमल, दरबारमार्ग र कमलपोखरी लगायतका क्षेत्रमा र दिउँसो १ देखि बेलुका ५ बजेसम्म माइतीघर, रामशाहपथ, त्रिपुरेश्वर टेकु लगायतका क्षेत्रमा मेलम्चीको पानी वितरण हुनेछ ।

**कीर्तिपुर पानीपोखरी**बाट यही माघ ६ गतेदेखि दुई विराएर विहान ७ देखि ११ बजेसम्म कालिमाटी/विष्णुमती नदी क्षेत्र, रविभवन, कलङ्की लगायतका क्षेत्रमा मेलम्चीको पानी वितरणको व्यवस्था मिलाइएको छ ।

अनामनगर, काठमाण्डौं फोन नं.: ९७७-१-५७०५५१६/५७०५७७१, ५७०५१४८ www.kuklpid.org.np
फ्याक्सः ९७७-१-५७०५०५७, ईमेलः pidmail@kuklpid.org.np

प.सं.:
च.नं.:

यसैगरी, **बालाजु पानीपोखरी**बाट यही माघ ९ देखि दुई दिन विराएर विहान ८ देखि मध्यान्न १२ बजेसम्म डल्लु, चःमती, शोभा भगवती, विजेश्वरी, किमडोल, खुशिवु टाउन प्लानिङ्ग लगायतका क्षेत्रमा मेलम्चीको पानी वितरणको तालिका रहेको छ ।

यी स्थानमा मेलम्चीको पानी प्रवाहका आधारमा पानी वितरणको समयमा भने हेरफेर हुन सक्नेछ ।

काठमाडौं उपत्यकाका अन्य क्षेत्रमा विच्छयाइएका नयाँ पाइपलाइनमा मेलम्चीको पानी प्रवाह गरी अन्तिम परीक्षणको कार्य समेत अगाडि बढाइएको छ ।

आयोजनाबाट मेलम्चीको पानी वितरणका लागि काठमाडौं उपत्यकाका विभिन्न स्थानमा बिच्छ्याइएका १ हजार १० कि.मि. पाइपलाइनमध्ये परीक्षण सम्पन्न भएका करिव ७१ कि.मि. नयाँ पाइपलाइन यसअघि बोर्डलाई हस्तान्तरण गरिएको छ ।

परीक्षण सम्पन्न भएका थप नयाँ पाइपलाइनबाट नियमित रुपमा मेलम्चीको पानी वितरण गर्नका लागि त्यसको स्वामित्व निकट भविष्य मै काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई हस्तान्तरण गर्ने कार्यक्रम रहेको छ । तत्पश्चात् बोर्डबाट संचालनको जिम्मा पाउने काठमाडौं उपत्यका खानेपानी लिमिटेड (KUKL) बाट नै यी नयाँ पाइपलाइनबाट पनि तालिकावद्ध रुपमा पानी वितरण हुनेछ ।

हाल KUKL ले बोर्डबाट संचालनको जिम्मा पाएका नयाँ पाइपलाइन र पुराना पाइपलाइनबाट तालिकावद्ध किसिमले मेलम्चीको पानी वितरण गर्दै आएको छ ।

(ई. चन्द्र कुमार पाँ श्रेष्ठ)
**आयोजना उप निर्देशक एवम् प्रवक्ता**

अनामनगर, काठमाण्डौ फोन नं.: ९७७-१-५७०५९१६/५७०५७७१, ५७०५१४८ www.kuklpid.org.np
फ्याक्सः ९७७-१-५७०५०५७, ईमेलः pidmail@kuklpid.org.np